श्री
# मकवानपुर जिल्ला अदालत
# हेटौंडा
## (तहसिल शाखा)

प्रथम पटक प्रकाशित मिति २०७६/०५/२५

सूचना नं.२ (२०७६/०७७)

उपरोक्त सम्बन्धमा यस अदालतको जिन्सी खातामा रहेका र हाल जे जस्तो अवस्थामा छन् सोही अवस्थामा तपसिलमा उल्लेखित सवारी साधनहरु (मोटरसाइकल/स्कुटर) लिलाम बढाबढको माध्यमबाट विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनभित्र यस अदालतमा तपसिल बमोजिमको शर्तको अधीनमा रही लिलाम डाँक बढाबढमा सहभागी हुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

१) लिलाम बढाबढको कार्य यो सूचना प्रकाशित भएको मितिले १६औं दिनको दिउसो १२ बजेसम्म लिखित निवेदनसाथ उपस्थित हुनुपर्नेछ र सोही दिनको २ बजेदेखि लिलाम डाँक बढाबढको कार्य अगाडि बढाईने छ ।उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट अदालत खुलेको दिन विहान ११ बजेदेखि लिलाम डाँक बढाबढको कार्य अगाडि बढ्नेछ ।

३) यस सूचनामा उल्लेखित मालसामानहरुको लिलाम बढाबढ हुने मिति २०७६/०६/०९ गते दिउसो २ बजेदेखि ४ बजेसम्म मकवानपुर जिल्ला अदालतको प्राङ्गणमा हुनेछ।

४) लिलाममा भाग लिने व्यक्ति,संघसंस्था,व्यापारिक प्रतिष्ठानले आफ्नो नागरिकता, दर्ता प्रमाणपत्र,करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि निवेदनसाथै राख्नुपर्नेछ।

५) यसमा लिलामी हुने सवारी साधनहरु रु.१,८२,६००/- (अक्षेरुपी एक लाख बयासी हजार छ सय रुपैयाँ) न्यूनतम मूल्य भन्दा बढीबाट डाँक लिलाम बढाबढ गर्नुपर्नेछ ।

६) लिलाम बढाबढमा भाग लिनको लागि यस सूचनामा उल्लेखित न्यूनतम मुल्यको ५ प्रतिशतले हुने रकम नगदै वा यस अदालतको कार्यालय कोड ३१-२०४-०१ बाट को.ले.नि.का.मकवानपुरको खाता नं ख३-०२५०२००००००००३००००७० धरौटी खातामा रकम जम्मा गरेको सक्कल भौचर यस अदालतमा पेश गर्नु पर्नेछ ।

७) लिलाम बढाबढमा सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संघसंस्था/व्यापारिक प्रतिष्ठानले लिलाम सकार गर्नु पर्नेछ ।लिलाम डाँक बढाबढ हुने न्युनतम रकम भन्दा बढी रकमको ५ प्रतिशतले हुने थप धरौटी रकम तत्कालै नगदै यस अदालतमा बुझाउनु पर्नेछ।यसरी लिलाम सकार गरेको बाँकी रकम तुरुन्तै वा भोलिपल्ट यस अदालतमा नगदै बुझाउन सकिने वा माथि उल्लेखित खातामा जम्मा गरी सो को सक्कल भौचर यस अदालतमा पेश गर्नुपर्नेछ ।

८) सबैभन्दा बढी लिलाम डाँक बढाबढ गर्ने पहिलो पक्षले लिलाम सकार नगरेमा त्यसपछि दोश्रो र तेश्रो बढी रकम कबुल गर्ने पक्षलाई लिलाम सकार गर्न दिईनेछ ।

९) लिलाम सकार गरेको ७ दिनभित्र उल्लेखित मालसामान उठाई लैजानु पर्नेछ र ७ दिनभित्र उक्त मालसामान उठाई नलगेमा अदालतले उक्त मालसामानहरु जफत गर्न सकिनेछ ।

१०) लिलाम सकार गरिएको मालसामान पुनः प्रयोगमा आउने रहेछ भने वातावरणलाई प्रभाव नपर्ने गरी सम्बन्धित निकायमा दर्ता गरी वा अनुमति लिई प्रयोगमा ल्याउन सकिनेछ ।अनुमति वा दर्ता हुने/नहुने कुरा प्रचलित ऐन नियम अनुसार हुनेछ ।अनुमति तथा दर्ता गर्दा कानुन बमोजिम लाग्ने शुल्क लिलाम सकार गर्ने पक्षले नै तिर्नु बुझाउनु पर्नेछ ।

११) लिलाम डाँक बढाबढको प्रकृयामा कुनै प्रकारको मिलेमतोमा वा कुनै त्रुटि,अनियमितता देखिएमा लिलाम सम्बन्धि सम्पूर्ण काम कारवाहीलाई बदर गर्ने अधिकार लगायतका सम्पूर्ण अधिकार यस अदालतलाई हुनेछ ।

१२) यस सूचनामा कुनै कुरा छुट भएमा वा लिलाम सम्बन्धि कुनै निर्णय गर्नुपर्ने भएमा प्रचलित ऐन कानून वा नियमावली तथा प्रचलित आर्थिक कार्यविधि ऐन तथा आर्थिक कार्यविधि नियमावली बमोजिम हुनेछ ।

१३) लिलाम हुने सवारी साधनहरु (मोटरसाइकल/स्कुटर) हेर्न चाहेमा अदालत खुलेको समयमा यस अदालतको तहसिल शाखामा सम्पर्क गरी हेर्न सकिने छ ।

तहसिलदार

श्री मकवानपुर जिल्ला अदालत

## लिलाम हुने सवारी साधनहरु (मोटरसाइकल/स्कुटर)

| सि.नं. | जि.नं. | सवारी साधन र सवारी नं. | च्यासिस नं. | ईन्जिन नं. | उत्पादन बर्ष | कायम मुल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | १३० | वा ३४ प ८८६० पल्सर | MD2DHDJZZSCC35879 | DJGBSC54494 | 2009 | Rs.6,000/- | स्क्र्याप ( पत्रू ) |
| २. | २२२ | वा २९ प २९४७ पल्सर | MD2DHDHZZRGB89220 | DHGBRB89344 | 2008 | Rs.6,500/- | स्क्र्याप ( पत्रू ) |
| ३. | १७० | वा ३८ प १६४२ यामाहा | ME121CO1492064254 | 21G1064305 | 2009 | Rs.5,000/- | स्क्र्याप ( पत्रू ) |
| ४. | १७६ | वा ४३ प ४९१५ पल्सर | MD2DHDKZZTCE73710 | DKGBTE75732 | 2010 | Rs.8,000/- | स्क्र्याप ( पत्रू ) |
| ५. | १८० | वा २२ प १७११ यामाहा | 06A5YY9-000291 | 5YY9000291 | 2006 | Rs.5,000/- | स्क्र्याप ( पत्रू ) |
| ६. | ८० | वा ४२ प ६२७१ पल्सर १५० सिसि निलो रङ्गको | MD2DHDHZZTCD33555 | DHGBTD22221 | 2010 | Rs.65,000/- | दर्ता हुने। |
| ७. | २१३ | वा २४ प ७६२ Blaze | LRFYK006122 | LRE-YK006397 | 2006 | Rs.5,000/- | स्क्र्याप ( पत्रू ) |
| ८. | २५१ | वा २२ प ७९९४ पल्सर | MD2DHDJZZNCD35347 | DJGBND45375 | 2006 | Rs.5,000/- | स्क्र्याप ( पत्रू ) |
| ९. | २४९ | वा ३१ प ७४९२ यामाहा FZ | ME121CO1Y82017931 | 21C1018361 | 2008 | Rs.5,600/- | स्क्र्याप ( पत्रू ) |
| १०. | ३९६ | वा १७ प ८३४१ पल्सर | DHVBLB72637 | DHGBLB72037 | 2004 | Rs.5,000/- | स्क्र्याप ( पत्रू ) |
| ११. | ४३७ | वा ३१ प ५८८१ युनिकर्न | ME4KC096K88102878 | KC09E-4100833 | 2008 | Rs.6,500/- | स्क्र्याप ( पत्रू ) |
| १२. | ४९३ | बा ३६ प ८४३ पल्सर १५० सिसि रातो रङ्गको | MD2DHDHZZSCE31109 | DHGBSEZ6977 | 2009 | Rs.60,000/- | दर्ता हुने। |
| | | | | | जम्मा | Rs1,82,600/- | |

तहसिलदार